# बैंक अफ काठमाण्डू लिमिटेडको सत्रौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

१. **प्रारम्भिक :-**

बैंक अफ काठमाण्डू लिमिटेडको मिति २०६८ साल भाद्र १६ गते बसेको संचालक समितिको ३९७[औं] बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिको अध्यक्ष श्री नरेन्द्र कुमार बस्न्यातज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल र निर्णय भई देहाय बमोजिम सत्रौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :-**

मिति : २०६८ साल आश्विन १२ गते (तदनुसार २९ सेप्टेम्वर, २०११), विहीवार ।

समय : बिहान ११ :०० बजे ।

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

३. **सभाको सूचना :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम बैंकको १७[औं] वार्षिक साधारण सभाको सूचना मिति २०६८/५/१७ र मिति २०६८/५/३० को क्रमशः कान्तिपुर र कारोबार दैनिकमा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त शेयरधनी महानुभावहरुको ठेगानामा साधारणसभा सम्बन्धी सूचना सहितको वार्षिक प्रतिवेदन पठाईएको थियो ।

४. **उपस्थिति :-**

(क) **संचालकको उपस्थिति :-**

| | |
|---|---|
| १. श्री नरेन्द्र कुमार बस्न्यात | अध्यक्ष |
| २. श्री सत्य नारायण मानन्धर | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री रमेश नाथ ढुंगेल | संचालक |
| ५. श्री गोविन्द प्रसाद शर्मा | संचालक |

(ख) **पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

| | |
|---|---|
| १. श्री भरत राज अर्याल | नेपाल धितोपत्र बोर्ड |
| २. श्री सुर्य प्रसाद गौतम | कम्पनी रजिष्ट्रारको कार्यालय |
| ३. श्री सुदर्शन राज पाण्डे | एस.आर.पाण्डे एण्ड कम्पनी *(लेखा परीक्षक)* |
| ४. श्री अजय श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री मनिष कुमार सिंह | कम्पनी सचिव |

(ग) **शेयरधनीको उपस्थिति :-**

स्वयं उपस्थित – ६२ जना

प्रतिनिधी मार्फत – २३८ जना

५.	**सभामा प्रस्तुत छलफलका विषयहरू :-**

(क)	**साधारण प्रस्तावः**

(१) अध्यक्षज्यूको मन्तव्य तथा सत्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन छलफल र पारित गर्ने,

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, २०६७ श्रावण १ गते देखि २०६८ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गर्ने,

(३) आर्थिक वर्ष २०६८/२०६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (*वर्तमान लेखा परीक्षक एस.आर.पाण्डे एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नेछ*)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १६.७५ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने,

(ख)	**विशेष प्रस्तावः**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १८ प्रतिशत वोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने,

(२) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले (*कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक,आदि*) फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

(ग)	**विविध ।**

६.	**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कूल प्रतिनिधि प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | १,३५,९४,८०७ | ४२४,२८७ | ६५,८७,१५९ | ७०,११,४४६ | ५१.५७% |
| शेयरधनी | २३,७६२ | ६२ | २३८ | ३०० | - |

७.	**सभाको कारवाही र वैधानिकता :-**

सर्वप्रथम कम्पनी सचिव श्री मनिष कुमार सिंहले बैंकको सत्रौं वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई संचालक समिति तथा बैंक व्यवस्थापनका तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै आजको साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंक अफ काठमाण्डू लिमिटेडको नियमावलीको नियम ५ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको जानकारी दिंदै कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी दिनु भयो । तत्पश्चात् कम्पनी सचिवले सभा संचालनको लागि बैंकका अध्यक्ष श्री नरेन्द्र कुमार बस्न्यातज्यूलाई अनुरोध गर्नुभयो ।

८.	**सभापतिज्यूको आसन ग्रहण :-**

साधारणसभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावली बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस बैंकका संचालक समितिका अध्यक्ष श्री नरेन्द्र कुमार बस्न्यातज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

९.	**सत्रौं वार्षिक प्रतिवेदन प्रस्तुति :-**

सभाका सभापति श्री नरेन्द्र कुमार बस्न्यातज्यूले सभा समक्ष देशको आर्थिक तथा राजनैतिक अवस्थाले बैंकिङ्क्षेत्रमा पारेको प्रभाव, बैंकको वित्तीय अवस्था, निक्षेपमा परेको प्रभाव तथा मुनाफा र वितरण आदी विषयमा आफ्नो मन्तव्य पेश गर्दै बैंकले जोखिम व्यवस्थापन तथा अनुपालनामा निकै ध्यान पुऱ्याउदै सामाजिक उत्तरदायित्व तर्फ पनि उत्तिकै लागि परेको जानकारी गराउनुभयो । यि विविध प्रयासहरुका कारण बैंकले यस वर्ष अन्तर्राष्ट्रिय पुरस्कार समेत प्राप्त गर्न सफल भएको उद्दृत गर्दै बैंकलाई यस अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने सवै पक्षलाई धन्यवाद प्रदान गर्नुहुर्दै आगामी दिनहरुमा पनि सदा झैं सवैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो । तत्पश्चात छलफलका विषयहरुमा आ-आफ्नो विचार प्रकटगर्नुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

१०. **छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

| | | | |
|---|---|---|---|
| १) | मेजर कुबेर श्रेष्ठ | ९) | डमरु बल्लभ घिमिरे |
| २) | उद्धव घिमिरे | १०) | व्यास कुमार शर्मा |
| ३) | रोज कुमार श्रेष्ठ | ११) | डा. माधव कुमार श्रेष्ठ |
| ४) | महेन्द्र श्रेष्ठ | १२) | अमृत नाथ रेग्मी |
| ५) | चन्द्र नारायण श्रेष्ठ | १३) | नरसिंह लाल चंखु |
| ६) | राम मान श्रेष्ठ | १४) | ईन्द्र कृष्ण श्रेष्ठ |
| ७) | लव राज जोशी | १५) | ध्रुवराम श्रेष्ठ |
| ८) | अशोक उप्रेती | | |

११. **छलफलमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेकाछन् :-**

**१) मेजर कुबेर श्रेष्ठ**

बैंकले यस आ.व.मा प्रस्ताव गरेको १६.७५% को नगद लाभांश र १८%को बोनस शेयर प्रति खुसी व्यक्त गर्दै दशैको मुखमा नगद लाभांश वितरण गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्नुका साथै यस कार्यलाई भविष्यमा पनि निरन्तरता दिनुपर्ने उल्लेख गर्नुभयो । बैंकले यस आ.व.मा समग्र बैंकिङ्गक्षेत्रको पहिलो साधारणसभा सञ्चालन गर्नसकेकोमा वधाई दिंदै प्रतिशेयर आय रु.४४.५१ पुऱ्याउन सफल भएको, करीव ७० करोड अमेरिकी डलर रेमिटान्स् भित्र्याउन सफल भएको तथा यस आ.व.मा करीव ४७,००० नयाँ ग्राहक खाता सञ्चालन गराउन सफल भएकोमा खुसी व्यक्त गर्नुभयो ।

**२) उद्धव घिमिरे**

दशै अगावै बैंकले साधारणसभा वोलाई दशै अगावै नै प्रतिफल घोषणाका साथै नगद लाभांश प्राप्त गर्नसक्ने अवस्था सृजना भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । बैंकको निस्कृय कर्जा उपर उल्लेख्य रुपमा कार्य गरी नियन्त्रणमा राख्नुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

**३) रोज कुमार श्रेष्ठ**

प्रतिवेदनमा उल्लेख भएका भविष्यका योजनाहरु स्पष्ट हुन नसकेकोले अझ सप्ष्ट गर्न माग गर्दै नोक्सानी व्यवस्थामा नियन्त्रण गर्न सुझाव दिनुभयो ।

**४) महेन्द्र श्रेष्ठ**

सञ्चालक समितिमा एक्यवद्धता रहेको पाएकोमा खुसी व्यक्त गर्दै बैंकको शेयरशाखामा केही सुधारको गुञ्जायस रहेको तर्फ ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी, बैंक तथा ग्राहकलाई समयमा भवन निमार्ण नहुँदा समस्या भईरहेको तर्फ जानकारी गराउदै भवन निमार्ण छिटो सम्पन्न गर्नेतर्फ ध्यान पुऱ्याउन आग्रह गर्नुभयो ।

**५) चन्द्र नारायण श्रेष्ठ**

साधारणसभामा भाग लिन आउदा शेयरधनीलाई केही वर्ष अगाडि दिंदै आएको परिवहन खर्च हाल किन प्रदान नगरेको जिज्ञासा राख्दै कोषको लागत वढदै गएकोमा सो नियन्त्रणका कार्य गरी मुनाफामा वृद्धि गर्न सुझाव प्रदान गर्नुभयो ।

**६) राम मान श्रेष्ठ**

बैंकले यस आ.व.मा आफ्ना शेयरधनीलाई कूल ३४.७५% लाभांश वितरण गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्दै यस आ.व.मा बैंकले अन्य सञ्चालन खर्चमा उल्लेख्य नियन्त्रण गर्न सकेकोमा खुसी व्यक्त गर्नुभयो । त्यसैगरी, बैंकले यस बर्ष अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्न सकेकोमा बैंक व्यवस्थापनलाई वधाई दिंदै के कति कारणले खराव कर्जामा नोक्सानी व्यवस्था वृद्धि भएको हो, कतै घरजग्गाका कारण त होइन ? भनि जिज्ञासा राख्नुभयो ।

**७) लव राज जोशी**

पत्रिकामा प्रकाशन भएको एभरेष्ट भिनाइलको लिलामी सम्बन्धमा के भएको छ जस्ता विषयमा जिज्ञासाहरु राख्नुभयो । वार्षिक प्रतिवेदनमा प्रमुख कार्यकारीको समेत फोटो राख्न सुझाव दिंदै बैंकका अध्यक्ष नेपाल उद्योग परिसंघमा पनि सकृय रहेकाले बैंकिङ्गमा रहेका समस्या तथा यस क्षेत्रको विकासका लागि सरकारी अधिकारी समक्ष विशेष पहल गर्न अनुरोध गर्नुभयो ।

**८) अशोक उप्रेती**

बैंकले कृषिमा आधारीत उद्योगहरुमा कर्जा लगानी वृद्धि गर्न विशेष पहल गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

**९) डमरु बल्लभ घिमिरे**

निरीक्षणका क्रममा आफूले बैंकको भवन निर्माण भैरहेको पाएको उल्लेख गर्दै वित्तीय बजारमा मर्जरको निकै हल्ला चलिरहे पनि यस बैंक भने यस विषयमा चुपचाप पाएको अनुभव सुनाउनुका साथै आई.एफ.सि. संगको सम्बन्धन वारे के भईरहेको छ भन्ने विषयमा जानकारी माग गर्नुभयो । *(निजले सुझावहरु लिखित रुपमा पनि दिनुभएको थियो ।)*

**१०) व्यास कुमार शर्मा**

सञ्चालकको प्रतिवेदन जानकारी मूलक रहको उल्लेख गर्दै बैंकको वित्तीय अवस्था, सुचकाँकहरु र वृद्धि समेत समयानुकूल र उचित रहेको जानकारी गराउनुभयो । यस वर्षको वित्तीय विवरणहरु अध्ययन गर्दा कोषको लागत समयानुकूल वृद्धि भएपनि मुनाफा भने अपेक्षित राम्रो हुन सकेको उल्लेख गर्दै यसका लागि कर्मचारी, व्यवस्थापक तथा समितिलाई धन्यवाद व्यक्त गर्नुभयो ।

**११) डा. माधव कुमार श्रेष्ठ**

यस बैंकको समकक्षी बैंकसंगको विभिन्न सुचकाँकहरुको तुलनात्मक विवरण जानकारी गराउदै कोषको लागत वृद्धि हुनुमा केकस्ता कारणहरु रहेकाछन्, वासल-३ बमोजिमको उच्च गुणस्तरीय पूँजीको अनुपात के रहको छ जस्ता विषयमा अध्ययन गरी सो बमोजिम व्यवस्थापन गर्न सुझाव प्रदान गर्नुभयो । बैंक सधै यही आकारमा रहिरहंदा पछि पर्नसक्ने बताउदै उपयुक्त माध्यमद्धारा आकार वृद्धिका लागि कार्य अगाडि बढाउन बैंक सञ्चालकहरुलाई ध्यानाकर्षण गराउनुभयो । *(निजले सुझावहरु लिखित रुपमा पनि दिनुभएको थियो ।)*

**१२) अमृत नाथ रेग्मी**

यस बैंकको समकक्षी बैंकहरुसंगको वित्तीय सुचकाँकहरुको तुलनात्मक स्थिती विवरण पेश गर्दै यस बैंक पूँजीमा प्रतिफल दिन तथा उचित व्याजदर अन्तर कायम गर्न उत्कृष्ट रहको भएतापनि केही समुहगत तथा राष्ट्रिय सुचकाँकहरुमा बैंक पछाडि रहकोले सो सुचकाँकहरु सुधार गर्नुपर्ने सम्बन्धमा ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी बैंकले विदेशी विनिमय आय तथा नोक्सानी व्यवस्थाको पुर्नलेखन शिर्षकहरुमा राम्रो गर्न सकेको उल्लेख गर्दै अध्यक्षको तथा सञ्चालकहरुको प्रतिवेदनमा घटेका/वृद्धि हुन नसकेको सुचकाँक वा वित्तीय अवस्थाको पनि केकति कारणले घटेको वा वृद्धि हुन नसकेको विषयमा आगामी प्रतिवेदनहरुमा स्पष्ट उल्लेख गर्न सुझाव प्रदान गर्नुभयो ।

**१३) नरसिंह लाल चखुँ**

बैंकले प्रदान गर्ने कर्जामा विशेषगरी घरजग्गा कर्जामा बढी नै चनाखो हुनुपर्ने उल्लेख गर्दै निस्कृय कर्जा व्यवस्थापन, निक्षेप तथा कर्जा वृद्धि तथा संस्थागत सुसाशन सम्बन्धमा बैंकले अझ धेरै कार्य गर्नुपर्ने सुझाव प्रदान गर्नुभयो । तालिम खर्चमा वृद्धि भएको प्रति खुसी व्यक्त गर्दै कर्मचारी विकासले नै बैंकलाई माथि पुर्‍याउने जानकारी गराउनुभयो । बैंकले शेयरधनीहरुको अपेक्षा बमोजिम नै कार्य गरिरहेको जानकारी गराउदै खुसी व्यक्त गर्नुभयो ।

**१४) ईन्द्र कृष्ण श्रेष्ठ**

मागेको १० मिनेट मै वार्षिक प्रतिवेदन उहाँको कार्यालयमा प्राप्त भएकोमा र दशै अगावै लाभांश प्रस्ताव गर्नुभएकोमा धन्यवाद प्रदान गर्दै बैंकले यस वर्ष ४७,००० ग्राहक थप गरेको, ४१ शाखा तथ ५२ ए.टि.एम.पुर्‍याएको विषयहरुले बैंक राम्रो हुँदैगएको इङ्गित गरेको उल्लेख गर्नुभयो । विभिन्न सञ्चालन खर्चहरु तथा भवन निर्माण सम्बन्धमा समेत जानकारी माग गर्नुभयो ।

**१५) ध्रुवराम श्रेष्ठ**

निजले सुझावहरु लिखित रुपमा दिनुभएको थियो ।

१२. **बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नुभएका मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री नरेन्द्र कुमार बस्न्यातज्यूले आभार प्रकट गर्नुभयो । बैंकलाई निरन्तर रुपमा अघि बढाउन उँहाले सञ्चालक समितिको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो । बैंकले आगामी वर्षमा अपेक्षित प्रगति गर्ने तर्फ उन्मुख भएको विश्वास दिलाउनु हुँदै अध्यक्षज्यू स्वयंले तथा उहाँको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतले दिनुभएको जवाफ सारांशको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- पूँजी वृद्धि गर्न विभिन्न उपायहरु सम्बन्धमा सञ्चालक समितिमा छलफल भै रहेको जानकारी गराउनु हुंदै यस सम्बन्धमा देशको समग्र आर्थिक वातावरण तथा बैंकिङ्ग क्षेत्रको विश्लेषण पश्चात उपयुक्त निर्णय लिईने जानकारी गराउनु भयो ।
- शेयरधनी महानुभावहरुले Merger सम्बन्धमा राख्नु भएको जिज्ञाशा सम्बन्धमा Merger बाट पर्न सक्ने प्रभावको विस्तृत विश्लेषण भैरहेको र सो सम्बन्धमा खुला नीति अवलम्बन गरेको जानकारी गराउनु भयो ।
- IFC (International Finance Corporation) सँग बैंकको Strategic Partnership अद्यावधिक कायम रहेको छ । IFC बाट हाल विभिन्न Transactions Support उपलब्ध भैरहेको छ । IFC ले गर्ने लगानी सम्बन्धमा IFC बाट निर्णय गर्न ढीलाई मात्र हुन गएको हो लगानीको सम्भावना अहिले पनि कायमै रहेको छ ।
- यस बैंक ग्राहस्थ बैंक हो । लगानीकर्ता एवं व्यवस्थापन दुवै ग्राहस्थ रहेकोले अन्य संयुक्त लगानीका बैंकहरु सँग सबै पक्षमा तुलना गर्न सहज हुदैन । तसर्थ, संयुक्त लगानीको बैंकले पाउने फाइदाबाट यस बैंक वञ्चित हुने गरेको छ ।
- बैंकले सञ्चालन खर्चमा कमी ल्याउन सफल भएको छ । सञ्चालन खर्च गत वर्षको तुलनामा प्रतिवेदन वर्षमा कम हुन गएको छ । कर्मचारीहरुको वृत्ति विकास तथा प्रोत्साहन सुविधा का कारण गत वर्षको तुलनामा प्रतिवेदन वर्षमा कर्मचारी खर्चमा वृद्धि हुन गएको हो । सञ्चालन खर्चमा आएका कमी जस्ता कारणले आम्दानी / खर्चको अनुपातमा पनि सकारात्मक प्रभाव पर्न गएको छ ।
- औषधोपचार खर्च कर्मचारी विरामी भै उपचार गर्न लागेको खर्च नभै यस बैंकको कर्मचारीलाई उपलब्ध गराईएको औषधोपचार सुविधा भएको जानकारी गराउनु भयो ।
- आर्थिक वर्षको अन्तमा देखिएको तिर्न बांकी कर्जा (Borrowings) सम्बन्धमा यस बैंकलाई आवश्यकता भै कर्जा लिएको नभइ बैंकबाट कर्जा लिएका ग्राहकहरुलाई व्याजमा सहुलियत प्रदान गर्न पुनरकर्जा लिईएको जानकारी गराउनु भयो ।
- १६ वर्षमा बैंकको ग्राहक संख्या १ लाख २५ हजार मात्र भएकोमा प्रतिवेदन वर्षमा ४७ हजार ग्राहक संख्या थप गर्न बैंक सफल रहेको छ । देशको कूल जनसंख्याको अनुपातमा बैंकको ग्राहक संख्यामा बृद्धि गर्न सकिने सम्भाव्यता प्रशस्त रहेको देखिन्छ । अतः यस बैंकले आगामी ५ वर्ष भित्र बैंकको ग्राहक संख्या ५ लाख पुऱ्याउने लक्ष्य राखेको छ । ग्राहक संख्या बढाएर मात्र बैंकको समग्र वृद्धि हुन सक्ने कुरामा यस बैंक विस्वस्त रहेको जानकारी गराउनु भयो ।
- यस बैंकको भवन निर्माणमा आएका विभिन्न कठीनाईहरुका बारेमा जानकारी गराउँदै हाल उक्त भवन निर्माण कार्य सुचारु रहेको समेत जानकारी गराउनु भयो ।
- यस साधारण सभाबाट पारित नगद लाभांश भोली (२०६८ आश्विन १३) बाट नै वितरण गरिने र सो को लागि आवश्यक व्यवस्था मिलाई सकिएको जानकारी गराउनु भयो ।
- अवितरित लाभांश वितरण सम्बन्धमा यस बैंकले विभिन्न पत्रपत्रिका मार्फत शेयरधनी महानुभावहरुलाई सुचित गर्ने गरेको छ । यसका अतिरिक्त वार्षिक साधारण सभा हुने दिन सभास्थलमा अवितरित लाभांशको विवरण राख्ने गरिएको छ । यस सम्बन्धमा आगामि दिनहरुमा थप प्रभावकारी उपायहरु अवलम्वन गरिने जानकारी दिनु भयो ।
- ROE (Return on Equity) मा यस बैंक उच्च स्थानमा रहेको छ । यसले बैंकको Efficiency जनाएको छ । पूँजी वृद्धि गर्दा ROE मा कमी आउन सक्छ । कहिलेकाँही Constraint मा काम गर्दा Efficient हुन बाध्य हुने हुँदा Equity लाई प्रभावकारी व्यवस्थापन गरी ROE लाई कायम राख्ने र सो को आधारमा मात्र पूँजी वृद्धि गर्ने योजना यस बैंकको रहेको जानकारी दिनु भयो । यसै अनुरुप नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम २०७० आषाढसम्म पुऱ्याउनु पर्ने चुक्ता पूँजी शेयरधनिहरुको हित लाई ध्यानमा राखी यस वर्ष नै पुऱ्याई सकिएको छ ।

- Market Share बढाएर प्रतिफल कायम गर्न सकिन्छ वा सकिदैन भन्ने विषय विचारणीय रहन्छ । यस बैंकको व्याज अन्तराल सन्तोषजनक रहेको छ । यस अवस्थामा Market Share बढाएर त्यसमा नकारात्मक प्रभाव  पर्ने भएमा मुनाफा आर्जनको दृष्टिबाट त्यो बढी जोखिमपूर्ण हुन जाने व्यहोरा अवगत गराउँनु हुँदै त्यस सम्बन्धमा बैंक संवेदनशील रहेको जानकारी गराउनु भयो ।
- निक्षेप संकलन तथा परिचालन सम्बन्धमा गत वर्ष निक्षेपको बृद्धिमा ज्यादै कठिनाई परेको अवस्थामा पनि यस बैंकले पुराना निक्षेपलाई कायम नै राखी नयाँ निक्षेपकर्ताहरुबाट रकम संकलन गर्न पनि सफल रहेको छ । यस सम्बन्धमा आगामी दिनमा अझ सुधार हुने विश्वास दिलाउनु भयो ।
- आर्थिक वातावरण तथा बैंकिङ्ग क्षेत्र तरल रहेको अवस्थामा आर्थिक प्रक्षेपणहरु पनि  स्थिर नरहन सक्ने हुनाले तिनीहरुलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा यस बैंकले विचार गरिरहेको छ ।
- वार्षिक साधारण सभा ३ महिना भित्र नै सम्पन्न गर्न यहाँहरुले दिनु भएको सुझाव कार्यान्वयन हुँदा चालु वर्षको १ महिनाको मात्र प्रगति प्रस्तुत गर्न सकिएको हो भन्ने जानकारी दिनु भयो ।

## १३. सभाको निर्णय :-

आजको सभामा शेयरधनी महानुभावहरुले दिनुभएका अमुल्य सुझाव, सल्लाहलाई बैंकले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारीत गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

### (क) साधारण प्रस्ताव:

(१) अध्यक्षज्यूको मन्तव्य तथा सत्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सामान्य छलफल गरी पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ साल आषाढ मसान्तको वासलात, २०६७ श्रावण १ गते देखि २०६८ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरु छलफल गरी स्वीकृत गरियो ।

(३) लेखापरीक्षण समितिबाट सिफारिस भएबमोजिम “एस.आर.पाण्डे एण्ड कं.” लाई आर्थिक वर्ष २०६८/०६९ को लेखापरीक्षक नियुक्त गरियो र लेखापरीक्षण समितिले निर्धारण गरेबमोजिम निजको लेखापरीक्षण शुल्क रु.२,६५,०००/- (अक्षेरुपी रु.दुई लाख पैंसठ्ठी हजार मात्र) र सोमा प्रचलित नियमानुसार लाग्ने मूल्यअभिवृद्धिकर अनुमोदन भयो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १६.७५ प्रतिशत नगद लाभांश स्वीकृत गरियो ।

### (ख) विशेष प्रस्ताव:

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १८ प्रतिशत वोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत भयो ।

(२) बैंक अफ काठमाण्डू लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी निम्न बमोजिमको विशेष प्रस्ताव पारित भयो ।

*(वार्षिक प्रतिवेदन प्रकाशित गर्दा प्रबन्धपत्र संशोधन प्रस्तावमा ५.(ग) मा हुन गएको टंकणत्रुटि लाई अध्यक्षले त्रुटिरहित प्रस्तावित व्यवस्था पढेर सुनाए पश्चात यस विशेष प्रस्ताव पारित भएको हो)*

## प्रबन्धपत्रको संशोधन

| हाल भइरहेको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|
| ५.(ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रू. १,३५,९४,८०,७००/- (अक्षेरुपी रु. एक अरव पैतिस करोड चौरानब्बे लाख असी हजार सात सय) हुनेछ । | ५.(ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रू. १,६०,४१,८७,३००/- (अक्षेरुपी रु. एक अरव साठी करोड एकचालिस लाख सतासी हजार तीन सय) हुनेछ । |
| ५.(ग) बैंकको तत्काल चुक्ता पूँजी रू. १,३५,९४,८०,७००/- (अक्षेरुपी रु. एक अरव पैतिस करोड चौरानब्बे लाख असी हजार सात सय) हुनेछ । | ५.(ग) बैंकको तत्काल चुक्ता पुँजी रू. १,६०,४१,८७,३००/- (अक्षेरुपी रु. एक अरव साठी करोड एकचालिस लाख सतासी हजार तीन सय) हुनेछ । |

| हाल भइरहेको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|
| ४(ह)(१५) सहायक कम्पनी सम्बन्धी व्यवस्था :<br>(१) बैंकले प्रचलित नियम कानूनको परिधि भित्र रही स्वदेशमा मर्चेण्ट बैंकिङ्ग, लघुवित्त कार्य तथा सहायक कम्पनी मार्फत गर्न हुने भनी तोकेका अन्य कार्यहरु गर्नका लागि सहायक कम्पनीहरु खडा गरी सञ्चालन गर्न सक्नेछ । | ४(ह)(१५)सहायक कम्पनी सम्बन्धी व्यवस्था :<br>(१) बैंकले प्रचलित नियम कानूनको परिधि भित्र रही स्वदेशमा मर्चेण्ट बैंकिङ्ग, लघुवित्त कार्य, सामूहिक लगानी कोष तथा सहायक कम्पनी मार्फत गर्न हुने भनी नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य कार्यहरु गर्नका लागि सहायक कम्पनीहरु खडा गरी सञ्चालन गर्न सक्नेछ । |

## नियमावलीको संशोधन

| हाल भइरहेको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|
| २९.(घ) संचालक समितिको अध्यक्षलाई पद सुहाउँदो सवारी साधन, अधिकतम मासिक ४०० लिटर इन्धन, चालकको तलव बैंकको नियमानुसार तथा मर्मत खर्च वास्तविक खर्च बमोजिम उपलब्ध गराइनेछ । | २९.(घ) खारेज ................... |

बैंक अफ काठमाण्डू लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायतको नियमन गर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन, सुझाव, तथा संशोधनहरु समेत समायोजन गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गरियो ।

(ग) विविध :

(१) सभाको निर्धारित विषयसूचीहरु समाप्त भई विविध अन्तर्गत कुनै विषयसूची नभएकाले यस सम्बन्धमा छलफल तथा निर्णय भएन ।

१४. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-

अन्त्यमा, सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस सत्रौं बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल प्रज्ञा प्रतिष्ठान, लेखापरीक्षक, सल्लाहकार तथा बैंकका संचालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

**ततपश्चात् सभापतिज्यूले अपरान्ह १३:४५ बजे सभा विसर्जन भएको घोषणा गर्नु भयो ।**

| | |
|---|---|
| ..................... | ..................... |
| **मनिष कुमार सिंह** | **नरेन्द्र कुमार बस्न्यात** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |